## उपाध्यक्ष उद्यमशीलता तथा साझेदारी कार्यक्रम संचालन कार्यविधि २०७६

### भाग-२

### महाङ्काल गाउँपालिका, गोटिखेल, बागमती प्रदेश नेपालको सूचना

स्थानीय तहबाट निर्णय भई प्रमाणिकरण भएका सार्वजनिक लिखतहरु सर्वसाधरणको लागि स्थानीय राजपत्रमा प्रकाशन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको **उपाध्यक्ष उद्यमशीलता तथा साझेदारी कार्यक्रम** संचालन कार्यविधि महाङ्काल गाउँपालिकाको मिति २०७६/११/१८ मा बसेको कार्यपालिकाको निर्णयबाट स्वीकृत भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### उपाध्यक्ष उद्यमशीलता तथा साझेदारी कार्यक्रम संचालन कार्यविधि २०७६

**प्रस्तावनाः-** महाङ्काल गाउँपालिका भित्र पर्याप्त रोजगारीको सृजना गरी गाउँपालिका भित्रको स्थानीय स्रोत, साधन र मानवीय स्रोतको अधिकतम उपयोग गर्दै लघु उद्यम, घरेलु उद्यम तथा व्यवसायको स्थापना, स्तर उन्नती एवं दिगो विकास गरी स्थानीय नागरिकको आर्थिक समृद्धिमा टेवा पुर्याउने उद्देश्यले उपाध्यक्ष उद्यमशीलता तथा साझेदारी कार्यक्रम संचालन गर्न महाङ्काल गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद -१

१. संक्षिप्त नाम र प्रारम्भः

१. यस कार्यविधिको नाम **उपाध्यक्ष उद्यमशीलता तथा साझेदारी कार्यक्रम संचालन कार्यविधि २०७६** रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

३. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "उद्योग" भन्नाले औद्योगिक व्यवसाय ऐन २०७३ बमोजिमको लघु उद्यम, घरेलु उद्योग र गाउँपालिकामा दर्ता भएका अन्य व्यवसायलाई समेत सम्झनु पर्दछ ।

ख. कार्यक्रम भन्नाले यसै कार्यविधि बमोजिम संचालन हुने उपाध्यक्ष उद्यमशीलता तथा साझेदारी कार्यक्रम सम्झनु पर्छ ।

ग. अनुगमन समिति भन्नाले यसै कार्यविधिको दफा १५ को उपदफा २ बमोजिम गठित समिति सम्झनुपर्छ ।

घ. "गाउँपालिका" भन्नाले महाङ्काल गाउँपालिका सम्झनुपर्छ ।

४. उद्योगको स्थापना गरी बेरोजगारी समस्यालाई कम गर्दै गाउँपालिकामा रहेका नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउनु यो कार्यक्रमको दिर्घकालिन सोच हुनेछ ।

महाङ्काल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोटीखेल, ललितपुर ३ नं. प्रदेश, नेपाल २०७३

रामचन्द्र दाहाल
अध्यक्ष

५. महाङ्काल गाउँपालिकामा छरिएर रहेका स्थानीय श्रोत तथा सिपमा आधारित लघु उद्यम तथा घरेलु उद्योगको स्थापनाका साथै व्यवसाय गर्न प्रोत्साहित गरी उद्योगको विकास तथा आयस्तरमा सुधार ल्याई आम नागरिकलाई व्यवसायी बनाउने यो कार्यक्रमको लक्ष्य हुनेछ ।

६. यस कार्यक्रमको उद्देश्य देहाय अनुसार रहेका छन ।

१. स्थानीय स्रोत र साधनको प्रयोग द्धारा उद्योगको स्थापना गरी रोजगारीको अवसर सिर्जना गर्ने र गाउँपालिकावासी नागरिकलाई व्यवसायी बनाउने ।

२. स्थानीय नागरिकको आयस्तरमा सुधार ल्याउने ।

३. स्वरोजगारीको भावना जागृत गरी स्वावलम्वनको विकास गर्ने ।

४. खेर गएका स्थानीय स्रोत र साधनको उपयोग गरी आयआर्जन गर्न सकिने ।

५. स्थानीय सीप र ज्ञानको सदुपयोग हुने ।

६. कामलाई महत्व दिने प्रवृत्तिको विकास गरी खेर जाने समयको सदुपयोग गर्ने वानीको विकास गर्ने ।

७. यस कार्यक्रमको कार्यान्वयन गर्न निम्नानुसारको रणनीति लिईनेछ ।

१. स्थानीय स्तरमा उपलब्ध श्रोत र साधनको प्रयोगबाट सञ्चालन गर्न सकिने उद्यमको स्थापनामा जोड दिइने छ ।

२. कार्यक्रम संचालन गर्नु पूर्व आवश्यक भएमा तालिमको व्यवस्था गर्न सकिनेछ ।

३. कार्यक्रम संचालन सरकारी तथा गैह्र सरकारी संस्था सहकारीसँग साझेदारीमा वा एक्लै पनि गर्न सकिनेछ ।

४. उद्योग संचालन गर्दा आवश्यक यन्त्र उपकरणमा र औजारमा ५ लाख सम्मको खरिद मूल्यमा असी प्रतिशत (८०% ) अनुदान दिइनेछ र सो भन्दा बढी रकमको यन्त्र उपकरण खरिदमा लागेको खरिद मूल्य उद्योगी आफैले व्यहोर्नु पर्नेछ ।

५. यन्त्र उपकरण र औजार गाउँपालिकाको स्विकृतिमा खरिद गरी ल्याएपछि मात्र खरिद बिल सहित गाउँपालिकामा अनुदानको लागि आवेदन गर्न सकिनेछ ।

६. यन्त्र उपकरण आवश्यक पर्ने उद्योग व्यवसायले अनुदान प्राप्त गर्न अनुसूचि १ बमोजिम गाउँपालिकामा आवेदन गर्नु पर्नेछ ।

७. **गाउँपालिकाले अनुदान दिने उद्योग व्यवसायको क्षेत्र देहाय बमोजिम हुनेछ :** स्थानीय श्रोत साधनको अधिकतम प्रयोग भएको व्यवसायलाई प्राथमिकता दिइनेछ ।

(क) नेपाली कागज उद्योग

(ख) बाँसका सामाग्री निर्माण गर्ने उद्योग तथा व्यवसाय

(ग) कफी उत्पादन तथा प्रसोधन

(घ) चिया उत्पादन तथा प्रशोधन

(ङ) बेकरी उद्योग

रामचन्द्र दाहाल
अध्यक्ष

महाङ्काल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोटीखेल, ललितपुर

(च) पस्मिना उद्योग
(छ) स्थानीय जातका कुखुरा पालन गर्ने व्यवसाय
(ज) बिउटी पार्लर
(झ) आधुनिक कृषि तथा पशुपालन व्यवसाय

८. १ उपाध्यक्ष उद्यमशिलता तथा सझेदारी कार्यक्रमबाट देहायका क्षेत्रमा तालिम समेत दिन सकिनेछ

क.स्थानीय श्रोत र साधनबाट उत्पादन गर्न सकिने जस्तै नेपाली कागज उद्योग, बाँसका सामाग्री निर्माण गर्ने कफी उत्पादन तथा प्रसोधन, चिया उत्पादन तथा प्रशोधन र यसै प्रकृतिका अन्य तालिम

ख. पस्मिना उद्योग सम्बन्धी तालिम

ग. बेकरी उद्योग सम्बन्धी तालिम

घ. आधुनिक कृषि तथा पशुपालन सम्बन्धी तालिम

ङ. स्थानीय जातका खुकुरा पालन सम्बन्धी तालिम

च. आवस्यकता अनुसार अन्य शिपमुलक रोजगार मुलक र व्यवसायिक तालिम संचालन गर्न सकिनेछ

२. उपदफा १ अन्तर्गतका क्षेत्रमा तालिम को पहिचान दफा १० का आधारमा गरिनेछ ।

३. यस कार्यविधि बमोजिम प्रदान गरिने सिपमुलक, रोजगार मुलक व्यवसायिक तालिमको अवधि क्षेत्रगत रुपमा ७ दिन देखि ३ महिना सम्मको हुनेछ ।

४. उपदफा ३ बमोजिम को तालिम, तालिम संचालन गर्ने निकाय वा तालिम प्रदायक संस्थाबाट संचालन गरिनेछ ।

५. यस कार्यविधि बमोजिम तालिम लिएका प्रशिक्षार्थीको अनुगमन तालिम अवधी भित्र आन्तरिक रुपमा अवलोकन वा सिपमूलक प्रश्नावलीका रुपमा गर्न सकिनेछ ।

६. सम्बन्धित निकायबाट तालिम संचालन गर्न इजाजत प्राप्त गरेको र तालिम अवधीसम्म नविकरण भएको, कालो सूची मा नपरेको तालिम प्रदायक संस्थाले तालिम प्रदान गर्नका लागि गाउँपालिकाबाट प्रकाशित सूचनाको अवधि भित्र दरखास्त दिनुपर्नेछ ।

७. यस कार्यविधि बमोजिम तालिम संचालन गर्न चाहने मान्यता प्राप्त तालिम प्रदायक संस्थाले देहाय बमोजिमको कगजातहरु संग्लग्न गरी गाउँपालिकाबाट प्रकाशित सूचनाको अवधी भित्र गाउँपालिकामा दरखास्त साथ पेश गर्नु पर्नेछ

क) तालिम प्रदायक संस्था सम्बन्धित निकायमा दर्ता भएको र तालिम संचालन गर्न चाहेको अवधी सम्म नबिकरण भएको प्रमाणपत्रको प्रतिलिपि

ख) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि

ग) अघिल्लो आर्थिक वर्षको लेखापरिक्षण प्रतिबेदनको प्रतिलिपि

घ) तालिम संचालन गर्न चाहेको स्थान र विषय उल्लेख भएको

ङ) कालो सूचीमा नपरेको स्वघोषणा पत्र

च) गाउँपालिकाले तोकेको अन्य आवश्यक कागजात

८. यस कार्यविधि बमोजिम छनौट भएका तालिम प्रदायक संस्थाले तालिम संचालन गर्न गाउँपालिका संग सम्झौता गर्नुपर्ने छ ।

९. तालिम प्राप्त गर्ने प्रशिक्षार्थीको योग्यता खुलाउनु आवश्यक देखिएमा तालिमको प्रकृति अनुसार गाउँपालिकाले सूचना प्रकाशन गर्दा आवश्यक योग्यता खुलाई सूचना प्रकाशन गर्न सक्नेछ ।

रामचन्द्र दाहाल
अध्यक्ष

महाङ्काल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोटीखेल, ललितपुर

९. यो कार्यक्रम महाङ्काल गाउँपालिकाको क्षेत्र भित्र लागू हुनेछ । अनुदान प्रदान गर्दा निम्न आधारमा प्राथमिकीकरण गरिनेछ:

१. दफा १० बमोजिमका लक्षित समूह
२. पुंजी लगानी रु.
३. कर्मचारी व्यवस्थापन /रोजगारी सिर्जना संख्या
४. बार्षिक आय
५. अनुभव तथा तालिम
६. करचुक्ता प्रमाणपत्र
७. प्रस्तावना
८. PAN/VAT दर्ता तथा नविकरण

१० महाङ्काल गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास गरेका महिला, दलित, आदिवासी, जनजाती, न्यून आय भएका स्थानीय व्यवसायी यस कार्यक्रमका लक्षित समूह हुनेछन् ।

११. यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने उद्योगी/ व्यवसायीलाई जनशक्ति आवश्यक भएमा गाउँपालिकामा सुचिकृत प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका बेरोजगार व्यक्तिहरुलाई रोजगारीको अवसर दिनु पर्नेछ ।

## परिच्छेद-२

१२. उद्योग / व्यवसाय दर्ता तथा अनुदान

यस कार्यविधि अनुसार गाउँपालिका बाट दफा ७ को उपदफा ४ बमोजिम दिइने अनुदान प्राप्त गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा उद्योग व्यवसाय दर्ता गरेको हुनुपर्दछ

१३. अनुदानको लागि निबेदन दिनुपर्ने: १. दफा १२ बमोजिम दर्ता भएका उद्योगी तथा व्यवसायीले अनुदान प्राप्त गर्नका निम्ति यसै कार्यविधि को अनुसूची १ बमोजिम गाउँपालिकामा निबेदन दिनुपर्नेछ

२. उद्योग सञ्चालन गर्ने व्यक्तिले कानून बमोजिम उद्योग/व्यवसाय दर्ता भएपछि दफा ७ (४) बमोजिम अनुदान प्राप्त गर्न गाउँपालिकामा अनुसूचि १ बमोजिम निवेदन दिनुपर्नेछ ।

३. दर्ता भई उद्योग / व्यवसाय सञ्चालनमा आएपछि अनुगमन समितिबाट निरीक्षण गराउनुपर्नेछ र अनुगमन समितिको निर्णय तथा सिफारिस पश्चात गाँउपालिकाले अनुदान प्रदान गर्नेछ ।

४. अनुदान दिन मिल्ने वा नमिल्ने विषयमा अनुगमन समितिको निर्णय अन्तिम (मान्य) हुनेछ ।

५. अनुदान तथा तालीमको लागि प्राप्त निवेदन माथि आवश्यक छानबिन एवं छनोट गर्ने कार्य दफा १६ को उपदफा १ बमोजिमको अनुगमन समितीले गर्नेछ ।

६. संघ तथा प्रदेशबाट आर्थिक अनुदान प्राप्त गरेका उध्योग तथा व्यवसायीले सोही व्यवसाय तथा उध्योगको लागि पुनः अनुदान प्राप्त गर्न सक्ने छैन।

रामचन्द्र दाहाल
अध्यक्ष

महाङ्काल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोटीखेल, ललितपुर
३ नं. प्रदेश, नेपाल

१४. अनुदान प्रकृया

१. दर्तावाला उद्योगी/व्यवसायीले लागत अनुसार दफा ७ को उपदफा ४ बमोजिम अनुदान प्राप्त गर्न सक्नेछ ।

२. गाउँपालिकाद्वारा दिइने अनुदान रकम प्राप्त गर्न गाउँपालिकाले सूचना प्रकाशन गरे पछि सूचना बमोजिम अनुसूचि १ को ढाँचामा गाउँपालिकामा निवेदन दर्ता गराउनु पर्नेछ ।

३. अन्यत्र जुनसुकै कुरा लेखेको भएपनि अवैध मदिरा उत्पादन गरी दैनिक जिवन निर्वाह गरेका अन्य पेशा व्यवसाय नभएका न्यून आय भएका दफा १० बमोजिमका लक्षित समुहका व्यक्तिलाई सम्बन्धित वडाको वडा कार्यालयको सिफारिसमा पशुपालन तथा कुखुरा पालन गर्नका लागि साझेदारीमा अनुदान दिन सकिनेछ ।

४. गाउँपालिकाद्वारा दिइने तालिम प्राप्त गर्न गाउँपालिकाले सूचना प्रकाशन गरे पछि सूचना बमोजिम अनुसूची २ को ढाँचामा गाउँपालिकामा निवेदन दर्ता गराउनु पर्नेछ ।

१५. अनुगमन समिति: १. अनुदान रकमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका निम्ति उपदफा २ बमोजिम अनुगमन समिति गठन गरिनेछ .

२. अनुगमन समितिको गठन देहाय अनुसार हुनेछः

क. गाउँपालिका उपाध्यक्ष - संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग. आर्थिक विकास समितिको संयोजक - सदस्य

घ. गाँउपालिकाको लेखा शाखा प्रमुख - सदस्य

ङ. गाउँपालिकाको योजना शाखा अधिकृत - सदस्य सचिव

३. उद्योग नियमित संचालन एवं व्यवस्थित रुपमा भएको छ वा छैन भनि गाउँपालिकाले नियमित अनुगमन गर्न सक्नेछ र अनुगमनलाई निर्वाध रुपमा सहयोग गर्नु सम्बन्धित उद्योगी /व्यवसायीको कर्तव्य हुनेछ।

१६. प्रत्येक उद्योग व्यवसायले उत्पादन गरेको बस्तु कारोबारवारको आम्दानी खर्च यथार्थ विवरण आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र गाउँपालिकामा अनिवार्य पेश गर्नुपर्नेछ ।

१७. कार्यविधि संशोधन: यो कार्यविधि संशोधन गर्नु परेमा गाउँकार्यपालिकाबाट संशोधन गरिनेछ ।

१८. बाधा अड्काउ फुकाउ: यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा कार्यपालिकाले स्पष्ट गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

रामचन्द्र दाहाल
अध्यक्ष

महांकाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोटीखेल, ललितपुर
३ नं. प्रदेश, नेपाल
२०७३

(दफा १३ को उपदफा १ संग सम्बन्धित )

अनुसूचि - १

निवेदन पत्रको ढाँचा

श्री महाङ्काल गाउँपालिका

गोटीखेल, ललितपुर ।

विषयः- अनुदान पाऊँ भन्ने बारे ।

महोदय,

उपरोक्त विषयमा त्यस कार्यालयबाट मिति ............................मा प्रकाशित सूचना अनुसार म निवेदक यस महाङ्काल गाउँपालिका अन्तरगतको ............ वडामा बसोवास गरिरहेको स्थायी बासिन्दा हुँ । मैले .................. सालमा उद्योग/व्यवसाय दर्ता गरेको छु । उद्योग/व्यवसाय दर्ता भएकाले निम्न विवरण र कागजात समेत यसै साथ राखि अनुदान पाउँ भनी यो निवेदन गरेको छु ।

१. नाम थरः-

२. बाबु/आमाको नाम :

३. जन्म मितिः

४. उद्योग/व्यवसायको नाम :

५. ठेगानाः

क) स्थायीः

ख) अस्थायीः

६. सम्पर्क नम्वर :

क) मो.नं.    ख) टेलिफोन नं.

७. सम्बन्धित विषयमा तालिम लिएको छ/छैन ।

लिएको भए संस्थाको नाम :

तालिम अवधि :

८. संलग्न गनुपर्ने कागजातहरु :

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि

३. सम्बन्धित वडाको सिफारिस पत्र

४. करचुक्ता र नविकरणको प्रतिलिपि

५. प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि

६. अनुभव तथा तालिमको प्रमाणपत्र भए सोको प्रतिलिपि

७. व्यवसायिक योजना/प्रस्तावना

उपरोक्त विवरण ठिक छ । झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

नाम थर :

वतन :

सहिछाप :

(दफा १४ को उपदफा ४ संग सम्बन्धित)

अनुसूचि - २

तालिम आवेदन फारमको ढाँचा

श्री महाङ्काल गाउँपालिका
गोटीखेल, ललितपुर ।

विषयः- ~~अनुदान~~ तालिम पाऊँ भन्ने बारे ।

महोदय,

उपरोक्त विषयमा त्यस कार्यालयबाट मिति ..........................मा प्रकाशित सूचना अनुसार संचालन गरिने ......................विषयको व्यवसायीक/स्वरोजगारमूलक/सिप विकास तालिममा सहभागी हुने इच्छा भएकोले निम्न अनुसार व्यक्तिगत विवरण भरी नागरिकता/पहिचान पत्रको प्रतिलिपि र ..............................उत्तीर्णको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि सहित यो निवेदन पेश गरेको छु ।

१. नाम थरः- लिङ्गः
२. बाबु/आमाको नाम :
३. जन्म मितिः उमेरः ............. वर्ष
४. शैक्षिक योग्यता : वैवाहिक स्थिति : विवाहित/अविवाहित/एकल
५. ठेगानाः
   क) स्थायीः
   ख) अस्थायीः
६. सम्पर्क नम्वर :
   क) मो.नं. ख) टेलिफोन नं.
७. परिवारको अन्दाजी वार्षिक आम्दानी :
८. वर्ग/समूह : आदिवासी जनजाति/दलित/अन्य
९. यो तालिम लिन चाहनुको कारण :

तलिम पश्चात सीप अनुरुपको व्यवसाय/उद्यम संचालन गर्ने प्रतिवद्धता गरेको छु ।

निवेदक
नाम थर :
वतन :
सहिछाप :
मिति :

प्रमाणिकरण मितिः २०७६/११/१८

आज्ञाले
ओम प्रसाद पाण्डे
प्रमुख प्रशासकीय अधिकृत